# भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र सं.:२०८१/०८२
चलानी नं.

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८१/०८/०७)**

भुम्लु गाउँपालिकाको लागि देहायका पद र सेवाका नापी प्राविधिकहरु करार सेवामा भर्ना गर्नु पर्ने भएको हुँदा तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र दरखास्त आव्हान गरिन्छ ।

| क.सं. | विज्ञापन नम्बर | पद | सेवा | माग संख्या |
|---|---|---|---|---|
| १. | ११-०८१/८२ | सर्भेयर | करार | ४ (चार) |

१. दरखास्त दिने स्थानः भुम्लु गाउँपालिकाको कार्यालय वा अनलाइन मार्फत
- गाउँपालिकाको वेबसाइट www.bhumlumun.gov.np मा गई विद्युतीय सुशासन सेवाको नमुना फारामहरु भित्र रहेको नमुना फारम डाउनलोड गरी फर्म भर्ने ।
- फर्म भरेपछि बुँदा नं. ५ र ६ मा दिइएका कागजातहरु भुम्लु गाउँपालिकाको ईमेल आई.डी. vacancy.bhumlu@gmail.com मा Scan गरी एउटै PDF File बनाई पठाउनु पर्नेछ ।
- कागजात मेलबाट पठाएपछि कार्यालयमा प्राप्त भए नभएको फोन गरी यकिन गर्नु पर्नेछ ।

२. कार्यक्षेत्रः भुम्लु गाउँपालिकाको वडा नं. ७ र ८

३. दरखास्त दिने अन्तिम मितिः २०८१।०८।१३ गते कार्यालय समय भित्र ।

४. आवेदन दस्तुरः सहायकस्तर रु.१०००/-

५. दस्तुर बुझाउने विधि नबिल बैंक लि. मा रहेको भुम्लु गाउँपालिकाको खाता **BHUMLU GA. PA. 1.1 AANTARIK RAJASWA KHATA** खाता नं. २१५०१०१७५०००४५ मा रकम जम्मा गरी सक्कलै भौचर दरखास्त फारम सँगै भुम्लु गाउँपालिकाको प्रशासन शाखामा पेश गर्नुपर्नेछ ।

६. आवेदन साथ संलग्न कागजातहरु आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातका प्रतिलिपिहरु ।
क) नागरिकता　ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र　ग) चारित्रिक प्रमाणपत्र
घ) अनुभवको प्रमाणपत्र　ङ) ३ प्रति पासपोर्ट साइजको फोटो

७. शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उतीर्ण गरी Survey वा Geomatics विषय लिई ३ वर्षे प्रवीणता प्रमाण-पत्र तह सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (भौतिक विज्ञान समुह) वा भूगोल विषय लिई प्रमाण-पत्र तह वा १०+२ वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्तीमा १ वर्षको जुनियर नापी तालिम गरेको हुनु पर्नेछ।

८. सेवा सुविधाः पाँचौ तह बराबरको तलब स्केल सरह ।

९. उमेर हदः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० ननाघेको) तर, नेपाल इन्जिनियरिङ सेवा सर्भे समूह अन्तर्गत निजामती सेवा तथा संस्थान सेवाबाट अवकाश प्राप्त कर्मचारीको हकमा उमेर हद नलाग्ने।

१०. करार अवधिः २०८२ असार मसान्त सम्म।

सुदर्शन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत